## जातीय भेदभाद तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस, २०८० को अवसरमा राष्ट्रिय दलित आयोगको शुभकामना सन्देश

नेपाली समाजमा विद्यमान रहेको जातीय भेदभाव तथा छुवाछुत उन्मूलन गर्दै नेपाल राज्यलाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको दिनको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गते मनाउँदै आएको राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।जातीय विभेद र छुवाछुत विरुद्धका सबै आन्दोलनहरुमा प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धा-सुमन अर्पण गर्दछौं । साथै जातीय भेदभाव तथा छुवाछुत अन्त्यको अभियान तथा आन्दोलनमा निरन्तर सहभागी हुनुहुने तथा नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति सम्मान प्रकट गर्दछौं ।

नेपालमा सबै खाले परिवर्तनमा दलित समुदायको भूमिका महत्वपूर्ण रहँदै आएको छ । परिवर्तनका सबै मोर्चा तथा क्षेत्रमा दलित समुदायको सक्रिय सहभागिताले नै परिवर्तनका चाहनालाई सार्थक निष्कर्षमा पुऱ्याएको स्मरण नै छ । संविधान र कानूनले जातीय आधारमा हुने सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास, अपराध, बहिष्करण, वञ्चितिकरण र हिंसालाई अन्त्य र निषेध गरेको छ । युगौं अघिदेखिको कुप्रथाबाट प्रभावित जातीय भेदभाव र छुवाछुतमा आधारित जघन्य अपराधको शिकार हुँदै आएको दलित समुदायको न्याय, समानताका लागि मानव हित विरुद्धका गतिविधिहरुलाई नियन्त्रण र जातीय भेदभाव तथा छुवाछुतको समूल अन्त्यको लागि नेपाल सरकारले २०६३ साल जेठ २१ गते नेपाल राज्यलाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको आज १७ औं वर्ष पार गर्दा समेत समाजमा हुने हेला, होचो, अन्याय, अत्याचार, विभेद, कुरीति, अन्धविश्वास, अपराध, बहिष्करण, वञ्चितिकरण जस्ता कुप्रथाहरु पूर्ण रुपमा अन्त्य हुन सकेका छैनन् ।

समाज विकासको मध्ययुगीन चरणमा भएको श्रम विभाजनलाई आधार बनाएर वा समाजको अन्धविश्वासको आड लिएर युगौं अघिदेखि भइरहेको छुवाछुत प्रथाको अन्त्य गर्न कानूनी निषेध मात्रै पर्याप्त हुँदैन । सामाजिक अन्धविश्वासको आड लिएर हुने यस्ता अमानवीय प्रथा विरुद्ध सरकार प्रमुखको नेतृत्वमा केन्द्र, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायहरुले एकीकृत




राष्ट्रिय दलित आयोग
National Dalit Commission

प.सं./L.N. मिति/Date
च.नं./D.N.


अभियान चलाउनु पर्दछ । जेठ २१ को दिनलाई अभियानकै रुपमा केन्द्र, प्रदेश, स्थानीय तहहरुमा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाई सचेतना सन्देश प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्छ ।प्रदेश र स्थानीय सरकारले पनि राहत, सहुलियत, मूल प्रवाहिकरण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरी मानव विकासको सूचकांकमा दलित समुदायलाई अगाडि बढाउनु पर्दछ ।

जातीय भेदभाव वा छुवाछुतका पिडामा परेको निश्चित समुदायको मात्र नभई हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रको समस्या हो । दलित समुदायले भोगेको उत्पीडनको कारणले हाम्रो देशको कुल गार्हस्थ उत्पादनमा प्रतिवर्ष १० प्रतिशतका दरले क्षति भैरहेको छ । यो दलित समुदायको मात्र क्षति नभएर सिङ्गो मुलुकको क्षति हो । त्यसैले जातीय छुवाछुतका पिडा अन्त्य गर्दै मानव अधिकार संरक्षण गर्न सम्पूर्ण व्यक्ति, परिवार, समाज, तीनै तहका सम्पूर्ण सरकारी निकाय, राजनीतिक दल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, नागरिक समाज, मिडिया र आम नागरिकहरु सम्बन्धित सबैमा विभेद उन्मूलनका लागि आह्वान गर्दछौं ।

अन्त्यमा "हामी सबैको सन्देश, जातीय छुवाछुत प्रथाको पूर्ण बन्देज" उद्घोषका साथै आगामी दिनहरुमा सामाजिक न्याय, मानव मर्यादा र सदभावका लागि सबैको सकारात्मक एवं रचनात्मक सहकार्यका लागि अपेक्षा सहित जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा न्याय, समानता, स्वतन्त्रता, सदभाव र मानवताको पक्षधरहरु सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

मिति २०८०/०२/२१

देवराज विश्वकर्मा
अध्यक्ष
राष्ट्रिय दलित आयोग


कुपण्डोल, ललितपुर, नेपाल | Kupondol, Lalitpur, Nepal
फोन: +९७७-०१-५४३३६५०, ५४३११९८, E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np